Pragysn, Volume : 6, Issue1, 2078, ISSN : 2661-6068

# *चुली* उपन्यासको सारवस्तु

दीपकप्रसाद न्यौपाने*

Email: deepak.neupane@mahmc.tu.edu.np

**लेखसार**

*'चुली' उपन्यासको सारवस्तु शीर्षकको प्रस्तुत लेखमा उपन्यासकार सरुभक्तको 'चुली' उपन्यासमा प्रस्तुत सारवस्तुको विश्लेषण गरिएको छ । 'चुली' सरुभक्तको पर्यावरणीय चेतनाका साथै मानवीय जीवनचेतनालाई प्रस्तुत गरी तयार पारिएको उपन्यास हो । विचारको प्राधान्यका कारण यो वैचारिक चिन्तनको प्रस्तुतिलाई केन्द्रमा राखेर लेखिएको उपन्यासका रूपमा देखा परेको छ । सीमित चरित्रलाई प्रयोग गरी लेखिएको यो उपन्यास मानवीय अस्तित्ववादी चेतनाको प्रयोगका दृष्टिले निकै सशक्त रहेको छ । सङ्क्षिप्त कलेवरमा सगरमाथा आरोहणसम्बन्धी विषयवस्तुलाई तृतीय पुरुषात्मक दृष्टिबिन्दुमा प्रस्तुत गरिएको यस उपन्यासले मान्छेले सोद्देश्यपूर्ण एवम् सङ्घर्षशील जीवन बाँच्नु पर्ने विचार प्रस्तुत गरेको छ । सूत्रात्मक तथा सूक्तिमय एवम् प्रौढ भाषाको प्रयोग गरी मानवीय जीवनचेतनासँग सम्बन्धित वैचारिकतालाई प्रस्तुत गर्नु यो उपन्यासको विशिष्ट पक्ष हो । वर्णनात्मक तथा विवरणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको यस लेखमा प्रस्तुत 'चुली' उपन्यासमा केकस्ता चिन्तन तथा विचारहरूलाई सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ भन्ने कुरालाई मुख्य समस्याका रूपमा लिई ती समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ ।*

शब्दकुञ्जी : अस्तित्ववाद, शून्यवाद, पर्यावरण, जीवनवाद, स्वैरकल्पना, विसङ्गतिवाद



* उपप्राध्यापक : त्रि.वि. (महेन्द्र बहुमुखी क्याम्पस, धरान)

# THE ESSENCE OF *CHULI* NOVEL

*Dipak Prasad Neupane*

## Abstract

*In the present article entitled The Essence of the novel 'Chuli', the essence presented in the novel 'Chuli' by the novelist Sarubhakta has been analyzed. 'Chuli' is a novel prepared by presenting the environmental consciousness of Sarubhakta as well as the human life consciousness. Due to the predominance of ideas, it has emerged as a novel written with the presentation of ideological thought in the center. Written using a limited character, this novel is very powerful in terms of its use of human existential consciousness. Briefly, the theme of climbing Mt. Everest is presented from a third masculine point of view. The special aspect of this novel is to present the ideology related to human life consciousness by using formulaic and suktimaya and mature language. Analyzing the material through descriptive and explanatory methods, this article seeks to find a scientific solution to the main problem of what kind of thoughts and ideas are presented in essence in the novel 'Chuli'.*

Keywords: existentialism, nihilism, environment, biology, self-imagination, anomalies

**विषयपरिचय**

वि.स. २०१२ सालमा पोखराको बगरमा जन्मिएर औपचारिक रूपमा स्नातकोत्तर तहसम्मको शिक्षा ग्रहण गरेका साहित्यकार सरुभक्त कवि, नाटककार, उपन्यासकार एवम् कथाकारका रूपमा प्रसिद्ध रहेका छन् (गौतम र अन्य, २०६९, पृ. ३५३) । विशेषत : उनी नाटककारका रूपमा प्रसिद्ध रहेका देखिन्छन् । अहिलेसम्म उनका केही लामा र केही छोटा आकारका एक दर्जनभन्दा बढी नाट्यकृतिहरू प्रकाशित भइसकेका छन् । नाट्यकलाका क्षेत्रमा नयाँनयाँ नाट्यवस्तु र नयाँ नयाँ नाट्यकौशलको प्रयोग गर्ने सरुभक्तले आफ्नै किसिमको रङ्गमञ्चीय सिद्धान्तलाई प्रस्तुत गरेको पाइन्छ, (उपाध्याय, २०६१, पृ. १९५) । उपन्यासकारका रूपमा पनि उनी विशिष्ट उपन्यासकार व्यक्तित्वका रूपमा स्थापित देखिन्छन् । उनका *एक अभिनयको आत्मकथा (२०४४), पागल बस्ती (२०४८), तरुनी खेती (२०५३), समय त्रासदी (२०५८), चुली* (२०६०) जस्ता उपन्यासहरू प्रकाशित भएका देखिन्छन्, (ढकाल र अन्य, २०७२, पृ. ३१५) । अन्य विधामा जस्तै सरुभक्तले नेपाली उपन्यासका क्षेत्रमा पनि नयाँ शिल्पलाई भित्र्याउनका साथै त्यसलाई सफलताका साथ प्रयोग गरेको पाइन्छ । आफैंद्वारा स्थापित गर्न चाहेको विचारलाई आफ्ना साहित्यिक रचनामा परिभाषित र परिपुष्ट गर्न चाहने सरुभक्तका साहित्यिक कृति निजी सिद्धान्तको साहित्यिकीकरण हो भन्नेमा अन्यथा नलाग्ने उल्लेख पाइन्छ, (प्रधान, २०६१, पृ. २०९) । उनी विशेषत : शून्यवादी उपन्यासकारका रूपमा स्थापित रहेका देखिन्छन् । विसङ्गतिवादी तथा अस्तित्ववादी चिन्तनको साथै शून्यवादी चिन्तनको प्रयोग गर्नु काल्पनिकता तथा स्वैरैकल्पनाको प्रयोग गर्न प्रयोग हामी औपन्यासिक शिल्पको प्रयोग गर्नु उनका प्रमुख औपन्यासिक विशेषता मानिन्छन्, (ढकाल र अन्य २०७२, पृ. ३१६) । विषयवस्तु, विचार शिल्प सबै पक्षमा नवीनता र प्रयोगशीलता पाइनु सरुभक्तको प्रमुख औपन्यासिक शिल्प मान्नु सान्दर्भिक देखिन्छ ।

सरुभक्तका प्रकाशित उपन्यासहरूमध्ये *चुली* सत्तरी पेजको लम्बाइगत आयाममा विस्तारित रहेको सङ्क्षिप्त आयामको उपन्यास मानिन्छ । यसलाई लेखक स्वम्ले लघुउपन्यास नामकरण गरेका छन् (सरुभक्त, २०६८, पृ. ७) । विषयवस्तु तथा आयाम दुवै दृष्टिले यो लघुउपन्यास भएकै पुष्टि हुन्छ । सगरमाथा आरोहणसम्बन्धी झिनो आख्यानसूत्रमा हिँडेको यो उपन्यास मानव अङ्कारको सापेक्षमा हिमालसम्बन्धी साहित्य रचना गर्ने अभिप्रायले लेखिएको पाइन्छ (सरुभक्त, २०६८, पृ. ७) । यसमा सगरमाथा आरोहण गर्दाका सङ्घर्ष, चुनौती, जटिलता, विकटता साहसीपन लगायतका मानवीय सङ्घर्षका कथनहरूलाई प्रस्तुत गरिएको छ । उपन्यासले *चुली* आरोहण र अवरोहणका कठिनाइ र चुनौतीलाई मात्र नभई मानवीय जीवनका सङ्घर्ष प्राप्ति, व्यर्थता, शून्यताजस्ता पक्षहरूलाई एकसाथ प्रस्तुत गरेको पाइन्छ । यसले गर्दा उपन्यासमा आरोहण-अवरोहणसम्बन्धी र मानवीय जीवन भोगाइसँग सम्बन्धित समाख्यान एकसाथ समाख्यायित भएका देखिन्छन् । यहाँ प्रस्तुत *चुली* उपन्यासमा प्रयुक्त कथ्य एवम् सारवस्तुको मात्र व्याख्या तथा विश्लेषण गरिएको छ ।

## समस्या तथा उद्देश्य

प्रस्तुत लेखमा निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ :

क. *चुली* उपन्यासमा केकस्तो कथ्यलाई प्रस्तुत गरिएको छ ?
ख. *चुली* उपन्यासमा सारवस्तुलाई कसरी प्रस्तुत गरिएको छ ?

निम्नलिखित उद्देश्यमा केन्द्रित रहेर अध्यन सम्पन्न गरिएको छ :

क. *चुली* उपन्यासमा प्रयुक्त कथ्यको विश्लेषण गर्नु
ख. *चुली* उपन्यासमा प्रस्तुत सारवस्तुको विश्लेषण गर्नु

## शोधविधि

यो लेख पुस्तकालय कार्यसँग सम्बन्धित रहेको हुनाले यसमा पुस्तकालयीय स्रोतबाट सामग्री जुटाई ती सामग्रीहरूको व्याख्याविश्लेषणका माध्यमबाट निष्कर्ष निकालिएको छ । यसमा विद्वान् लेखकहरूका व्याख्याविवेचनासँग सम्बन्धित सामग्रीहरूको उद्धरण गरी तथ्यलाई पुष्टि गरिएको छ । यस किसिमका सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा यस लेखमा प्रयुक्त रहेका छन् । यो लेख कृतिको सूक्ष्म पठन तथा कृतिगत उद्गारको व्याख्याविश्लेषणमा केन्द्रित रहेकाले यसमा *चुली* उपन्यासचाहिँ प्राथमिक स्रोतको सामग्रीका रूपमा रहेको छ ।

प्रस्तुत लेख गुणात्मक ढाँचामा नै केन्द्रित रहेको छ । यसमा आगमनात्मक र निगमनात्मक दुवै पद्धतिको मिश्रण गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । यसमा तथ्याङ्कको विश्लेषण गर्न वर्णनात्मक, विवरणात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीहरूको विश्लेषणका माध्यमबाट नै यस अध्ययनमा वस्तुगत रूपमा निष्कर्ष निकालिएको छ ।

## शीर्षकीकरण र कथ्य

*चुली* पदगत संरचनामा निर्धारण गरिएको शीर्षक हो । यसले चुचुरो भन्ने अर्थ दिएको छ । उपन्यासमा सगरमाथाको चुचुरालाई *चुली* नाम दिई *चुली* आरोहणसम्बन्धी विषयवस्तुलाई नै मूल कथ्य बनाइएको छ । *चुली* चढाइ र ओर्लाइका सन्दर्भमा गरिएका सङ्घर्ष र प्राप्त भएका चुनौती एवम् कठिनाइलाई कथ्य बनाई यो शीषर्क राखिएकाले अभिधेय आधारमा नै प्रस्तुत शीर्षक सार्थक भएको देखिन्छ ।

*चुली* उपन्यासमा *चुली*लाई मानवीय जीवनयात्राको गन्तव्य वा प्राप्तिका रूपमा समेत चित्रण गरिएको छ । उपन्यासमा हिमाल आरोहणसँग सम्बन्धित कथ्यसँगै मानवीय जीवनयात्रालाई पनि कथ्य बनाइएको पाइन्छ । उपन्यासमा हिमाल आरोहण र जीवन यात्राको गतिशीलतालाई यसरी प्रस्तुत गरिएको पाइन्छ- “जीवनको

हिमाल चढ्न एकएक पाइला अघि सार्नुपर्छ । जोसित आत्मविश्वास, धैर्य, निर्णय गर्ने क्षमता छैन उसले कहिल्यै हिमाल चढ्न सक्दैन ।" (पृ.४०) यस कथनले *चुली*को अभिप्राय केवल हिमालमात्र नभई मानवीय जीवनयात्राको गन्तव्य भन्ने बुझिन्छ । उपन्यासमा प्रयुक्त यस उद्धरणले पनि सोही कुरालाई पुष्टि गर्दछ "जीवन लक्ष्यको महान यात्रा हो भने त्यो अनवरत हुनुपर्छ । आराम गरी गरी, सुविधा हेरीहेरी, यात्रा गर्नेहरू जहाँ पुगे पनि कतै पुग्दैनन् । त्यस्ताले हिमाल नचढी हेलिकप्टर चढे हुन्छ ।" (पृ. ३८-३९)

यसले प्रस्तुत शीर्षक एकातिर हिमाल आरोहणसँग सम्बन्धित कथ्यसँग सन्दर्भित भई अभिधेय रूपमा सार्थक बन्न पुगेको छ भने अर्कातिर मानव जीवनयात्रासँग सर्न्दभित भई प्रतीकात्मक रूपमा सार्थक भएको पाइन्छ । प्रतीकात्मक रूपमा चाँहि यो शीर्षकले मानवीय जीवनयात्राको गन्तव्य स्थल, प्राप्ति बिन्दु, लक्ष्य वा उद्देश्य भन्ने अर्थ व्यक्त गरेको पाइन्छ ।

## कथानक र कथ्य

*चुली* झिनो कथानक भएको उपन्यास हो । यसमा ऊ पात्रले गरेको *चुली* आरोहण र अवरोहण नै मुख्य कथानक बनेर आएको छ । यसको कथानकीय स्रोत यथार्थमूलक अनुभव रहेको देखिन्छ । स्वयम् उपन्यासकारले कुनै हिमालको आरोहण नगरे पनि हिमाल आरोहणका सबै किसिमका जटिलतालाई यस उपन्यासले अगाडि सारेको छ । आफू पर्वतारोही नभईकन पनि एक हिमाल आरोहीको डायरी जस्तो बनेर यो उपन्यास अगाडि आएको छ । समालोचक कृष्णचन्द्रसिंह प्रधान यो सन्दर्भलाई यसरी टिप्पणी गर्दछन्-

> प्राकृतिक छवि अंकित गर्ने दृष्टिले मात्र होइन सगरमाथाको विकरालता, जोखिम, दुर्घटना, आशंकित मृत्यु आदिको अनुभूति, दुर्लंघ्य सगरमाथाको भौगोलिकता, आरोहण वृत्तान्त, त्यससम्बन्धी प्राविधिक ज्ञान, वायुमण्डालीय चाप, वातावरण आरोहणमा प्रयोग हुने औजार, दुर्गम स्थलका नाम, प्रशिक्षण प्राप्त आरोहण प्रविधि आदिको जानकारीले *चुली* एक गैर पर्वतारोहीको आरोहण लघुउपन्यास हो भनेर सायदै कसैलाई लाग्ला । (सरुभक्त, पृ.४)

यस कथनले पनि प्रस्तुत उपन्यासको कथावस्तुगत स्रोत यथार्थमूलक अनुभव नै हो भन्ने पुष्टि हुन्छ । उपन्यासकारले हिमाल आरोहणसम्बन्धी विभिन्न सूचनाको सङकलन गरेर नै यो उपन्यासको निर्माण गरेको स्पष्ट हुन्छ ।

*चुली* उपन्यासमा जीवनयात्रासम्बन्धी उपन्यासकारको आफ्नै जीवनदर्शन वा अनुभूतिको अभिव्यक्ति रहेको पाइन्छ । उपन्यासकारका जीवनजगत्सँग सम्बन्धित केही धारणा, अनुभूति वा विचारहरू उपन्यासमा यसरी अगाडि आएका छन् :

- जीवन भनेको जोखिमहरूको एक सुन्दर कविता हो । जोखिमहरूदेखि तर्सनेहरू सँधै कुरूप कविता रचना गर्दछन् । (पृ. १२)
- मान्छेका निरीहता, मान्छेका विवशता, मान्छेका दरिद्रता र मान्छेका अभिशप्ततालाई जीवनका फूल भन्न मिल्दैन । सायद तिनलाई जीवनका काँडा पनि भन्न मिल्दैन । काँडाले अरूलाई घोच्छ, आफैँलाई घोच्दैन । (पृ.१३)
- दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै हो जीवन । (पृ. २२)
- यी उद्धरणहरूमा लेखकका निजी अनुभव एवम् चिन्तनसँग सम्बन्धित जीवनदृष्टिको अभिव्यक्ति भएको पाइन्छ । उपन्यासमा प्रयुक्त दृष्टिकोणहरू अस्तित्ववादी चिन्तनका साथै यथार्थमूलक अनुभवसँग सम्बन्धित रहेकाले उपन्यासको कथानकको स्रोत यथार्थमूलक अनुभव रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासको कथानक सरल हुनाका साथै रैखिक गतिमा अगाडि बढेको देखिन्छ । फ्रेटागको पिरामिडीय ढाँचामा यसको कथानकको विकासको अवस्थालाई विश्लेषण गर्दा यो उपन्यास तार्किक ढाँचामा नै

प्रबन्धित भएको पाइन्छ । यस उपन्यासमा सगरमाथा आरोहणका लागि सात दिन नाम्चेमा बिताई अको सात दिन थ्याङबोचेमा बिताई र अर्को सात दिन फेरिचे र लोबुजेमा बिताई बिना गाइड सहआरोही र केही भरियाका साथ सगरमाथाको आधार शिविरमा एक्लै सगरमाथा चढ्न चाहने ऊ पात्र आइपुगेको सन्दर्भबाट कथानकको आरम्भ गरिएको छ । बेस क्याम्पमा तम्बु गाड्ने काममा भरिया व्यस्त हुनु, बेस क्याम्पमा विभिन्न देशका आरोही दलहरूलाई देखेर ऊ पात्र विस्मयमा पर्नु, हिमाल चढ्दा समेत पुरै समाज बोकेर हिँडेकामा ऊ पात्र छक्क पर्नु, भरियाहरूले आपसमा आ-आफ्नो दुखेसोको कुरा गर्नु, पाँच पटकसम्म चुचुरामा पुगिसक्दा पनि आफ्नो नाम नआएकामा गाइडले गुनासो गर्नु, साँझ परेपछि स्लिपिङ व्यागमा पसेर रात बिताउनु, भोलिपल्ट ऊ पात्र खुम्बु आइसफलमा पुगेर त्यहाँको वातावरणसँग अभ्यस्त हुँदै आधार शिविर फर्कनु तथा दुई दिनपछि मौसम सुध्रिएपछि उसले एक्लै सगरमाथा चढ्न सुरु गर्नुजस्ता घटनाबाट यस उपन्यासको कथानकमा सङ्घर्षको विकास भएको छ । उपन्यासमा ऊ पात्रले सगरमाथा चढाइका क्रममा गरेका सङ्घर्षले कथानकको मध्य भागको काम गरेको देखिन्छ । आधार शिविरदेखि *चुली*सम्मका घटनाहरू उपन्यासमा सङ्कटावस्थाका शृङ्खलाका रूपमा आएका छन् भने *चुली* टेकाइसँग सम्बन्धित घटनाहरू चाँहि कथानकको चरम अवस्थाका रूपमा आएका छन् ।

ऊ पात्रलाई खादा ओढाएर भरियाहरूले विदा गर्नु, ऊ पात्र सगरमाथा चढाइका क्रममा आएका दृश्यहरू सम्झदै अगाडि बढ्नु, खुम्बु ग्लेसियरमा पुग्दा मौसम केही विग्रनु, ऊ पात्र निरन्तर रूपमा आइसफल सफल पार गर्दै अगाडि बढी क्याम्प एक क्षेत्रमा पुग्नुभन्दा अगाडि बाटामा केहीबेर थकाइ मारी कठोर यात्रा गदै ६१०० मिटरको उचाइमा रहेको क्याम्प एकमा पुग्नु, आधार शिविरबाट चार घण्टामा त्यहाँ आइपुगेकाले थकाइ लागेपनि त्यहाँ धेरैबेर नबसी उत्साहका साथ क्याम्प दुई तर्फ लाग्नु, कतिपय खरपसहरू पारगर्दै ६४०० मिटरको उचाइमा रहेको क्याम्प दुई क्षेत्रमा पुगेर केही बेर थकाइ मारेपछि क्याम्प तीनतर्फको चढाइतर्फ लाग्नु, मध्यान्ह दिनमा आफ्नी प्रियसीको सम्झना गर्दै ऊ पात्र ठाडो उकालोमा स्टेप कटिङ गर्दै डोरी, बन्चरो र खुँटीका सहायताले चढ्दै जानु र केही समतल ठाउँमा पुगेर केहीबेर बसेपछि हावाहुरी र हिमचट्टानसँग जुद्दै अगाडि बढ्दै जाँदा माथिबाट हिमपहिरो खसी उसलाई हिमखाल्डोमा पुर्नु, उसले आफूलाई उक्त खाल्डाबाट निकाल्नु र उत्साहका साथ क्याम्प तीनतर्फ लाग्नु, कठिन तथा अप्ठ्यारो ठाउँ मानिने ल्होत्सेको ढलान छिचोलेर ऊ पात्र दक्षिण घाँटीमा पुग्नु, क्रमशः लड्खडाउँदै, चिप्लिदै, हुत्तिदै, घोप्टो पर्दै ७३०० मिटर उचाइमा रहेको क्याम्प तीन क्षेत्रमा पुग्नु, केहीबेर आराम गरेपछि रुकस्याकको गरुंगो भारीसहित शिथिल पाइला चाल्न थाल्नु, ल्होत्सेको ढलान मुन्तिर हिमपहिरो खसेको सुनेर पछिल्तिर फर्कदा ऊ पात्र चिप्लिनु र बन्चरोका सहायताबाट रोकिई हिँउको ढिक्कामाथि उक्लिएर बस्नु, आफ्नै असावधानीका कारण लडेकामा पछुतो मान्दै सचेत हुनु, केही समय हिंडेपछि ऊ पात्र क्याम्प चारमा पुग्नु, क्याम्प चारमा केहीबेर थकाइ मारेर बसे पनि ऊ पात्र लगातार *चुली* चढाइका लागि तयार हुनु र रात्रिकालीन यात्राका लागि टाउकामा शक्तिशाली फ्लासलाइट बाँधेर अगाडि बढ्नु बाटामा एउटा शव भेटिनु, दक्षिण घाँटीबाट केही घण्टाको अथक हिंडाइपछि २७६०० फिटमा रहेको बाल्कोनीमा आइपुग्नु र त्यहाँ नअल्मलिई दक्षिणपूर्व धारको बाटो अघि बढ्नु, रात पर्नु, हावा तीव्र वेगमा प्रवाहित हुनु, तर पनि उसले यात्रालाई निरन्तर अगाडि बढाउनु, र २८७२८ फिटको उचाइमा पुऱ्याउनु त्यहाँबाट केही तल झरेर पानी खान खोज्दा थर्मशको पानी जमेकाले ऊ तिर्खाले व्याकुल भए पनि यात्रा गर्दै हिलारी स्टेपमा पुग्नु, हिलारी स्टेपको ४० फिट अग्लो खतरनाक चढाइ पार गरेपछि अन्तिम तयारीका लागि सङ्घर्ष गर्दै चुनौती पूर्ण उकालोलाई पार गरी ऊ पृथ्वीको सर्वोच्च ठाउँ २९०२८ फिट उच्चाइमा रहेको सगरमाथा पुग्नुसम्मका घटनाहरू सङ्कटावस्थाको शृङ्खला र चरमोत्कर्षका रूपमा आएका छन् । ऊ पात्र अनेक सङ्घर्ष गरी *चुली* आइपुग्नु नै कथानकको चरमोत्कर्ष हो ।

ऊ पात्रले *चुली*मा आइपुगेर आफ्नी प्रेमिकालाई सम्झिनु, शिखरमा आइपुगेकामा खुसी हुनुजस्ता घटनाहरू प्रतिचरमोत्कर्षसँग सम्बन्धित छन् भने यस पछाडिका घटनाले उपन्यासमा अन्त्यावस्थाको सृजना

गरेका छन् । ऊ पात्र *चुली*मा धेरैबेर नअल्मलिई ओर्लन थाल्नु, दक्षिण *चुली*बाट तलतिर झर्न थाल्दा हावा चल्न थाल्नु, सगरमाथाका *चुली* र दक्षिण *चुली*को आकास काला बादलले डम्म ढाकिनु, तुफान चल्ने डरले ऊ चिन्तित हुनु, चिसो हावाको वेग बढ्दै गएर हावाको गति प्रतिघण्टा २०० किलोमिटरको हुनु, उसको शरीर हिमचट्टानमा बजारिन थाल्नु तथा आफूलाई बचाउन एउटा ठूलो हिम चट्टान समाई त्यसमा घोप्टो पर्नुजस्ता घटनाले यस उपन्यासमा सङ्घर्षह्रासको काम गरेका छन् । हिमतुफान भयानक बन्दै गएर ऊ हिमचट्टानबाट उचालिई कतै फालिनु तथा नराम्ररी बजारिँदा उसका रुकस्याक, हिमचस्मा पन्जा, टोपी, गलबन्दी ऊबाट छुट्नु उसले आफूलाई उठाउने प्रयास गरे पनि उसलाई हिमतुफानले अदृश्य दिशातर्फ लानु तथा हिमपहिरोबाट खसेर टाउको बजारिनाका साथै ढाड भाँचिएर ऊ संवेदनाशून्य अवस्थामा सगरमाथासँग विदा माग्दै र प्रियसीलाई म्वाइ खाँदै जीवनयुक्त हुनु जस्ता घटनाले यस उपन्यासको कथानकलाई उपसंहारमा पुऱ्याएका छन् ।

प्रस्तुत उपन्यासको कथानकमा द्वन्द्व र क्रियाजस्ता कथानकलाई जीवन्त बनाउने उपकरणको सशक्त मात्रामा प्रयोग गरिएको पाइन्छ । उपन्यासमा व्यक्ति र पर्यावरणका बीचको द्वन्द्वलाई अत्यन्तै सुन्दर तरिकाले प्रस्तुत गरिएको छ । प्रतिकूल पर्यावरणका विरुद्ध ऊ पात्रले विकास गरेको मनोवृत्तिका बीचमा उपन्यासमा द्वन्द्व मच्चिएको छ भने ऊ पात्रले प्रतिकूल पर्यावरणमा पनि *चुली* चढाइका जटिल क्रियामार्फत् आफ्नो यात्रालाई अगाडि बढाइएको छ । उपन्यासमा आन्तरिक तथा बाह्यद्वन्द्वको अवस्थिति विभिन्न ठाउँमा सृजना भएको केही सन्दर्भलाई निम्नअनुसार उद्धृत गर्न सकिन्छ :

- हिमालको मौसम र मान्छेको भाग्य एउटै कुरा होइन । हिमाल कर्मले चढिन्छ, भाग्ले चढिँदैन । (पृ.१८)
- दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै जीवन हो । (पृ.२२)
- मान्छे वातावरण वा पर्यावरणको कृपामा बाँच्ने प्राणी होइन । मान्छेको इतिहास भनेको प्रकृतिसित सम्झौताको इतिहास होइन । (पृ.२८)
- चढाइहरूदेखि हतास हुनु एक भयानक कायरता हो । कायरहरू हिमाल चढ्नु मूर्खता भन्दछन् । (पृ.३४)

उल्लिखित उद्धरणहरूले उपन्यासमा व्यक्ति र पर्यावरणका बीचमा सदियौंदेखि चल्दै आएको द्वन्द्वात्मक अवस्थालाई जनाएका छन् भने मान्छेले लक्ष्य प्राप्तिका लागि गरेका सङ्घर्ष र क्रियाहरूलाई समेत अभिव्यक्त गरेका छन् । उपन्यासको कथानकमा प्रयुक्त यस किसिमको द्वन्द्व तथा क्रियाव्यापारबाट प्रस्तुत उपन्यासको कथानक जीवन्त बनेको छ । कृतिमा प्रयुक्त यस किसिमको कथानकबाट मानवीय जीवनका उद्देश्य, सङ्घर्ष एवम् जीवनभोगाइलाई मूल कथ्य बनाएको पाइन्छ ।

## चरित्रचित्रण र कथ्य

*चुली* न्यून पात्रको प्रयोग भएको उपन्यास हो । यसमा मञ्चीय र नेपथ्य एवम् मानवीय र मानवेतर दुवै किसिमका चरित्रहरूको प्रयोग गरिएको पाइन्छ । ऊ पात्र भरियाहरू, गाइडहरू, विभिन्न अभियान दलका सहभागीहरू यस उपन्यासमा मञ्चीय पात्रका रूपमा आएका छन् भने ऊ पात्र बाहेकका अन्य सबै चरित्रहरू सहायक भूमिका मात्र रहेका देखिन्छन् । भोटे कुकुरले उपन्यासमा मानवेतर पात्रको भूमिका निर्वाह गरेको छ भने ऊ पात्रकी प्रेमिका नेपथ्य पात्रका रूपमा चित्रित भएकी छे । यी सबै पात्र वा चरित्रहरूमध्ये ऊ पात्र मात्र उपन्यासको एकमात्र प्रमुख पात्र हो । एउटै पात्रलाई केन्द्र बनाई प्रस्तुत उपन्यासको निर्माण गरिएकाले यसलाई एक चरित्रात्मक वा पात्रात्मक उपन्यास भने पनि फरक नपर्ने देखिन्छ ।

ऊ पात्र *चुली* उपन्यासको केन्द्रीय चरित्र हो । उपन्यासभरि ऊ पात्रकै सेरोफेरोमा कथानकको विस्तार भएको छ । आधार शिविरदेखि यात्रा आरम्भ गरेर *चुली* चढाइपछि *चुली* अवतरण गर्दा प्रतिकूल मौसमका कारण मृत्यु वरण गर्न पुगेको ऊ पात्रको यात्रा विवरणमा नै कथावस्तु केन्द्रित भएकाले उपन्यासमा ऊ पात्र शीर्ष चरित्रका रूपमा देखिएको हो । दृढ इच्छाशक्ति भएको ऊ पात्र सङ्घर्षशील एवम् जुझारु देखिन्छ । निराशावादी, पलायनवादी एवम् कायर स्वभावको नभई एक्लै बिनागाइड र बिनासहयोगी सगरमाथा चढ्ने ऊ पात्र आशावादी एवम् कर्म तथा लगनशील स्वभावको देखिन्छ । जीवनप्रति सकारात्मक दृष्टिकोण राख्ने ऊ पात्र

सक्रिय, क्रियाशील एवम् बलिदानीपूर्ण जीवन बिताउन चाहान्छ । उसमा अन्तनिहित चारित्रिक विशेषतालाई अभिव्यक्त गर्ने ऊ पात्रले बोलेका केही उद्धरणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- मान्छे समाजमा बस्नुपर्छ तर हिमाल चढ्दा एक्लै चढ्नुपर्छ । (पृ.१)
- मैले जीवनका सबै हिमाल चढेको छु, त्यसैले यो सर्वोच्च हिमाल पनि म एक्लै चढ्नु छ । (पृ.१२)
- हिमाल कर्मले चढिन्छ, भाग्यले चढिँदैन । यदि भाग्य मान्ने हो भने मान्छेले आफ्नो भाग्य आफैँ बनाउनु पर्दछ । (पृ. १८)
- मान्छेहरू अरूका बाटा हिडँन अभिसप्त छन् । तर जीवन त्यस्तो कुराका लागि होइन । (पृ. २२)
- महान लक्ष्य महान समस्या र महान संघर्षले नै मानिस महान बन्दछ । (पृ.३७)
- जीवन लक्ष्यको महान यात्रा हो भने त्यो अनवरत हुनुपर्छ । (पृ.३८-३९)
- म *चुली* टेक्न सक्छु र यो नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो । (पृ.४९)

ऊ पात्रले अभिव्यक्त गरेका उक्त कथनका आधारमा ऊ पात्र अस्तित्ववादी, जीवनवादी, संघर्षशील एवम् कर्मवादी देखिन्छ । ऊ मान्छेले एक्लो संघर्षबाट जीवनलाई सार्थक बनाउनु पर्ने तथा अनवरत क्रियाशीलताबाट अपेक्षा प्राप्त हुने विचार राख्ने चरित्रमात्र नभई विचारलाई पूरा गर्ने चरित्रका रूपमा देखिन्छ । ऊ कर्मयोगी तथा दृढ इच्छाशक्ति भएको चरित्रका रूपमा उपन्यासमा चित्रित भएको छ । मान्छेले कायर भएर बस्न नहुने तथा जीवनका *चुली*हरू टेकेर आफैँ *चुली* बन्नका लागि अनवरत क्रियाशील हुनुपर्ने, सफल बन्नका लागि अनवरत क्रियाशील हुनु पर्नेजस्ता कच्यलाई ऊ पात्रका माध्यमबाट प्रस्तुत गरिएको हुनाले उपन्यासकारले उक्त मुख्यपात्रका साथै दृष्टिबिन्दु पात्रका रूपमा प्रयोग गरेको देखिन्छ । प्रत्यक्ष नभई अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्राङ्कन गरिएको ऊ पात्रका माध्यमबाट उपन्यासमा मूलभूत कथ्यलाई प्रस्तुत गरिएको पाइन्छ ।

## पर्यावरण र कथ्य

*चुली* पर्याप्त मात्रामा पर्यावरणीय चेतना भएको उपन्यास हो । “हामीसँग हिमालहरू छन् तर हिमालसम्बन्धी, हिमाल आरोहणसम्बन्धी साहित्य त्यति छैनन् । सायद म यही आश्चर्यजनक अभाव परिपूर्तिको चाहनाले धेरै प्रेरित भएको छु” (सरुभक्त, २०६८, पृ. ७) भन्ने लेखकीय कथनले पनि प्रस्तुत उपन्यासले नेपालको हिमाली प्राकृतिक परिवेशको चित्रण गरेको सङ्केत मिल्दछ । उपन्यासमा सगरमाथाको आधार शिविर वा वेस क्याम्पदेखि सगरमाथाको *चुली*सम्मका दृश्यहरू चित्रित भएका छन् । लेखकले यी दृश्यहरूलाई एउटा कुशल चित्रकारलेझैँ सजीव रूपमा उपन्यासमा चित्रण गरेको अनुभव हुन्छ । यो उपन्यास एउटा हिमाल आरोहीको डायरी जस्तो लाग्दछ । पर्यावरणका सन्र्दभमा *चुली* उपन्यासको भूमिकामा कृष्णचन्द्रसिंह प्रधानले निम्नअनुसार टिप्पणी गरेको पाइन्छ :

> प्राकृतिक छवि अङ्कित गर्ने दृष्टिले मात्र होइन सगरमाथाको विकरालता, जोखिम, दुर्घटना, आशङ्कित मृत्यु आदिको अनुभूति र दुर्लंघ्य सगरमाथाको भौगोलिकता, आरोहण वृत्तान्त, त्यससम्बन्धी प्राविधिक ज्ञान, वायुमण्डलीय चाप, वातावरण आरोहणमा प्रयोग हुने औजार, दुर्गम स्थलका नाम, प्रशिक्षण प्राप्त आरोहण प्रविधि आदिको जानकारीले *चुली* एक गैर पर्वतारोहीको आरोहण उन्यास हो भनेर सायदै कसैलाई लाग्ला । (सरुभक्त, २०६८, पृ. ४)

उक्त कथनले पनि प्रस्तुत उपन्यासमा हिमाली पर्यावरणको वस्तुगत रूपमा अङ्कन वा चित्राङ्कन भएको पुष्टि हुन्छ । यस उपन्यासमा देशकालका साथै वातावरण वा भावको सुन्दर एवम् कलात्मक चित्रण भएको छ । पर्यावरणीय चेतनाबाट प्रभावित रहेर उपन्यास लेखिएकाले पनि यो उपन्यास यस आधारमा निकै महत्त्वपूर्ण बनेको देखिन्छ ।

*चुली* उपन्यासमा लगभग नौ दिनको कालिन परिवेशको चित्रण भएको छ । हिमाली हावापानीमा अभ्यस्त हुन एक्काइस दिन नाम्चे, थ्याङबोचे, फेरिचे र लोबुजेमा समय बिताएको कुरा उपन्यासमा सूच्य रूपमा आएपनि आधार शिविर आइपुगेपछि उपन्यासको कथ्य प्रारम्भ गरिएकाले यहाँदेखि ऊ पात्रको मृत्यु हुनु सम्मको समयावधि सात दिन आधार शिविरमा बिताएको र बाईस घण्टामा *चुली* चढी त्यहाँबाट अवतरण गरेको गरी जम्मा नै दिनको देखिन्छ । उपन्यासमा उक्त नौ दिनका बिहान, दिउँसो तथा रातका सबै कालिक परिवेशलाई चित्रण गरिएको पाइन्छ । प्रातकालिन सूर्योदयमा देखिने हिमाली दृश्यहरू मात्र नभई बिहान आकाशमा लाग्ने बादलका काला धब्बाहरू तथा कुनै पनि समयमा र विशेष गरी मध्यान्ह पछि हिमालमा चल्ने हावाहुरी तथा वातावरण प्रतिकुल हुँदा जुनसुकै समयमा प्रतिकिलोमिटरमा २०० को वेगमा चल्ने हुन्डरीको चित्रण उपन्यासमा सजीव रूपमा गरिएको पाइन्छ ।

उपन्यासमा आधार शिविरदेखि *चुली*सम्मका स्थानिक परिवेशको फोटोग्राफी चित्रण गरिएको पाइन्छ । यी दृश्यहरूलाई उपन्यासकारले सौन्दर्यका दृष्टिले कम र चुनौती तथा जटिलताका दृष्टिले बढी मात्रामा चित्रण गरेको पाइन्छ । यहाँ उपन्यासकार सौन्दर्य पारखीका रूपमा नभई आरोहणकर्ताका रूपमा सगरमाथाको हिमाली पर्यावरणको चित्रण गरिरहेका देखिन्छन् । त्यसैले उपन्यासमा सगरमाथाको सौन्दर्यको नभई सगरमाथा आरोहण गर्दाका विकट स्थानहरूको वस्तुगत अङ्कन भएको पाइन्छ ।

*चुली* उपन्यासमा सगरमाथाको आधार शिविरको भौगोलिक प्राकृतिक वातावरण, त्यहाँबाट देखिने ल्होत्से, नुप्चे, चाङ्टे, खुम्वट्से, पुमोरी *चुली,* खुम्बु आइसफल, त्यहाँ रहेका हिउँफाटाहरू, क्याम्प एकतिरको कठिन हिमाली चट्टानहरू ६१०० मिटरको उचाइमा रहेको क्याम्प एकको परिवेश, सगरमाथा र ल्होत्से, नुप्चे बीचको उचाइमा रहेको क्याम्प दुई क्षेत्र, त्यस क्षेत्रबाट देखिने थुप्रै आइसफलहरू अगाडि रहेको खतरनाक ठाउको चढाइ, ऊ पात्रलाई पुर्ने गरी खसेको हिमपहिरो, हिम पहिरोमा पुरिनु पर्दाको परिवेश, लोत्सेमुखको ढलान, त्यहाँ रहेका ठाडा न ठाडो उकालो बाटो, ७३०० मिटरको उचाइमा रहेको क्याम्प तीन क्षेत्रको साँधुरो हिम प्रदेश, त्यसमाथिको चुनढुँगाको ठाडो पहरा, केही परको कालो टुक्रिएका पत्रे चट्टान भएका जेनेभा स्पर, ७००० फिटमा रहेको क्याम्प चारको भन्ज्याङ र त्यहाँबाट तिब्बतसम्म झरेको पहराको दृश्य दक्षिण घाँटीको प्रदुषणयुक्त क्षेत्र, त्यसभन्दा माथिको २७६०० फिट उचाइमा रहेको बल्कोनी, दक्षिणपूर्वी धारको बाटो, हिलारी स्टेप र त्यसमाथिको ४० फिट अग्लो खतरनाक चढाइ त्यहाँको हावाको तीव्र चिसो गति तथा अक्सिजनको कमी, २९०२८ फिटको उचाइमा रहेको सगरमाथा, त्यहाँबाट देखिने दृश्यहरू, उत्तर तर्फको तिब्बती पठार र दक्षिण तर्फ ल्होत्से, मकालु, नुप्से, कञ्चनजंगा आदिको मनोरम दृश्य, माइनस ४० डिग्री सेल्सियसको तापक्रम *चुली*बाट झर्दाको सुरुको अनुकूल वातावरण र त्यसपछिको २०० किलमोटिर प्रतिघण्टा भन्दा बढीको हावाको वेग र त्यसबाट सिर्जना भएका भयानक दृश्यलाई चित्रण गरिएको पाइन्छ । उपन्यासकारले विशेष गरी यहाँ हिमाल चढाइका विकटतासँग सम्बन्धित स्थानिक परिवेशलाई चित्रण गरेको देखिन्छ ।

*चुली* उपन्यासमा उत्साहपूर्ण, प्रेममय तथा कारुणिक वातावरणको चित्रण गरिएको पाइन्छ । ऊ पात्रले गरेको उत्साहपूर्ण *चुली* आरोहणका सन्दर्भमा उत्साहपूर्ण वातावरणको चित्रण भएको पाइन्छ भने प्रेमिकाको स्मृति र अनुभूतिमा प्रेममय हार्दिक वातावरणको अभिव्यक्ति भएको देखिन्छ । भरियाहरू तथा गाइडहरूको जीवनभोगाइ तथा ऊ पात्रको यात्राका कठिनाइ, हिमपहिरोको खसाइबाट ऊ पात्रलाई पुरेको अवस्था ऊ पात्र चिप्लिएर लडेको अवस्था, हिमाल चढाइका बेला थकाइ, अक्सिजनको कमी एवम् विकटतामा ऊ पात्रको दुःखमय अवस्था तथा अवरोहणका सन्दर्भमा प्रतिकूल मौसमका कारण ऊ पात्रको त्रासदीपूर्ण मृत्यु भएका सन्दर्भमा कारुणिक वातावरणको चित्रण भएको देखिन्छ । ऊ पात्रको मृत्युमा उपन्यासले पूर्णता पाएकाले उपन्यासमा कारुणिक परिवेशको सशक्त रूपमा चित्रण भएको पाइन्छ ।

प्रस्तुत *चुली* उपन्यासमा हिमाली पर्यावरणको जटिल परिवेशको चित्रणका माध्यमबाट मानवीय जीवनका सङ्घर्ष, प्राप्ति र विफलतासम्बन्धी कथ्यलाई प्रस्तुत गरिएको छ । यहाँ यस किसिमको परिवेश केवल

साधनका रूपमा मात्र आएको छ भने मानवीय जीवनचेतनाचाहिँ यस उपन्यासमा मूल कथ्य बनेको छ । यही मूल कथ्यका प्रस्तुतिका लागि यस किसिमको पर्यावरणको चित्रण गरिएकाले यस उपन्यासको परिवेशविधान उपयुक्त रहेको पाइन्छ ।

## दृष्टिबिन्दु र कथ्य

*चुली* तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको उपन्यास हो । यहाँ तृतीय पुरुष ऊ पात्रका कथालाई कथयिताले सर्वज्ञ भएर प्रस्तुत गरेको छ । ऊ पात्रमा सीमित भएर उपाख्यान गरिएको तथा ऊ पात्रकै माध्यमबाट समग्र घटना तथा पर्यावरणलाई प्रस्तुत गर्नाका साथै ऊ पात्रका संवेदनालाई प्रस्तुत गरिएकाले ऊ पात्र यहाँ दृष्टिबिन्दु पात्रका रूपमा आएको छ । उपन्यासमा विषयवस्तुको समाख्यान यसरी गरिएको पाइन्छ :

> नामको के महत्व छ, महत्व कामको छ । हिमाल चढ्नु उसको काम हो । सातादिन नाम्चेमा बिताई, अर्को सातादिन थ्याङबोचेमा बिताई र अर्को सातादिन फेरिचे र लोबुजेमा बिताई ऊ थ्याङबोचेमा बिताई र अर्को सातादिन फेरिचे र लोबुजेमा तिाई ऊ पृथ्वीको सबभन्दा अग्लो हिमाल सगरमाथाको आधार शिविरमा आइपुगेको छ । (पृ.९)

उक्त कथनबाट प्रारम्भ गरिएको यो उपन्यास पुरै तृतीय पुरुष सीमित दृष्टिबिन्दुमा आधारित रहेको छ । उपन्यासमा यस किसिमको बाह्य तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरी कथानकका प्रस्तुतिका माध्यमबाट उदात्त मानवीय चेतनासँग सम्बन्धित वैचारिक चिन्तनयुक्त सारवस्तुलाई प्रस्तुत गरिएको पाइन्छ ।

## सारवस्तु

*चुली* उपन्यासमा *चुली* आरोहणसम्बन्धी जीवनदृष्टि वा विचारलाई प्रस्तुत गरिएको छ । उपन्यासमा प्रत्यक्ष तथा नाटकीय दुवै संरचनाबाट सारवस्तुलाई प्रस्तुत गरिएको पाइन्छ । उपन्यासमा हिमाल आरोहणका सापेक्षमा मानवीय जीवनसँग सम्बन्धित चिन्तनलाई व्यक्त गरिएको छ । उपन्यासमा सुक्तिमय भएर आएका विचारहरू निम्नानुसारका छन् :

- मान्छे समाजमा बस्नुपर्छ तर हिमाल चढ्दा एक्लै चढ्नुपर्छ । (पृ.९)
- मनले मात्रै सगरमाथा चढ्न सकिदैँन । (पृ.११)
- मानिसहरू हिमाल चढ्न जाँदा पनि किन पुरै समाज बोकेर हिडँछन् । (पृ.११)
- *चुली*को यात्रा भनेको जहिले पनि एक्लो यात्रा हो । (पृ.१२)
- जीवन भनेको जोखिमहरूको एक सुन्दर कविता हो । जोखिमहरूदेखि तर्सनेहरू सधैँ कुरूप कविता रचना गर्दछन् । (पृ.१२)
- मान्छेका निरीहता मान्छेका विवशता, मान्छेका दरिद्रता र मान्छेका अभिशप्ततालाई जीवनका फूल भन्न मिल्दैन । सायद तिनलाई जीवनका काँडा पनि भन्न मिल्दैन । काँडाले अरूलाई घोच्छ, आफैँलाई घोच्दैन । (पृ.१३)
- हिमालयमा सबै कुरा जम्छ तर हृदय जम्दैन । (पृ.१५)
- जिन्दगीको अर्को नाम विवशता हो तर विवशताको अर्को नाम जिन्दगी होइन । (पृ.१६)
- हिमाल चढ्नुको अनुभव मान्छेपिच्छे फरकफरक हुन्छ कसैका लागि हिमाल चढ्नु पेसा बन्छ भने कसैका लागि उद्देश्य । (पृ.१६)
- जीवनमा दुःख छ, तर जीवन दुःख होइन । (पृ.१७)
- हिमालको मौसम र मान्छेको भाग्य एउटै कुरा होइन । हिमाल कर्मले चढिन्छ भाग्यले चढिँदैन । यदि भाग्य मान्ने हो भने मान्छेले आफ्नो भाग्य आफैँ बनाउनुपर्छ । (पृ.१८)
- उद्देश्यहीन जीवन मृत्यु हो । मृत्यु कुनै उद्देश्य होइन । (पृ.२०)

- हिमाल चढ्ने काम मान्छेको हो, कुनै कुकुरको होइन । (पृ.२०)
- जहाँ एकपल्ट गल्ती गरियो भने फेरि अर्कोपल्ट गल्ती गर्न सकिँदैन । जीवन सक्न एउटै दुर्घटना पर्याप्त हुन्छ । (पृ.२२)
- दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै हो जीवन । (पृ.२२)
- मान्छेहरू अरूका बाटा हिंड्न अभिशप्त छन् । तर जीवन यस्तो कुराका लागि होइन । (पृ.२२)
- राम्ररी योजना गरिएन भने सपना सधैँ सपनै रहन्छ । (पृ.२५)
- भावुकताले मान्छेलाई कमजोर बनाउँछ । जीवन सौर्यको महान यात्रा हो । (पृ.२६)
- कति मान्छेको जीवन राम्रो मौसमको प्रतीक्षा गर्दागर्दै त्यत्तिकै बित्छन् । राम्रो मौसम राम्रो कुरा हो तर राम्रो मौसम प्रतीक्षामा गरिबस्नु मात्रै राम्रो कुरा होइन । (पृ.२७)
- जीवन भनेको कहिले हावाहुरी, कहिले आँधीतुफान त कहिले चकमन्न शान्ति र सुन्दरता हो । (पृ.२८)
- मान्छे वातावरण वा पर्यावरणको कृपामा बाँच्ने प्राणी होइन । मान्छेको इतिहास भनेको प्रकृतिसित सम्झौताको इतिहास होइन । मान्छे एक साहस हो । साहस आफैँमा एक प्रतिभा हो । (पृ.२८)
- जीवनमा कोही हिमाल चढेर थाक्छन् कोही हिमाल नचढेर थाक्छन् । हिमाल चढ्नेका जीवनमा थकाइ हुन्छ, थकाइमा जीवन हुँदैन । (पृ.२९)
- जीवनमा कति मान्छे थोरैथोरै परिश्रम गरी धेरैधेरै आराम खोज्छन् । जीवनमा कति मान्छे अल्छी बन्नकै लागि जन्मन्छन्, त्यसैले जीवनका सुनौला अवसरहरूलाई शत्रुतापूर्ण दृष्टिले हेर्छन् । हिमाल चढ्नेलाई यस्तो कुरा सुहाउँदैन । अल्छीले हिमाल चढ्दैन । (पृ.३०)
- जीवनको सतहमा उभिएको मान्छेले जीवनको होचाइ र पुडकाइ अनुभव गन सक्दैन । जीवनको महानता बोध गर्न मान्छेले पखेटा लगाई उड्नु पर्दैन । (पृ.३०)
- खरपस हिमालमा पनि हुन्छ, जीवनमा पनि हुन्छ, देख्न सक्नुपर्छ । (पृ.३१)
- आइसफल, ग्लेसियर, चट्टान, हिमस्खलन, हावाहुरी र हिमआँधी, ब्लिजहरू नभए मान्छेका महान अदभ्य सङ्घर्ष गाथा पनि हुँदैनन् । जबसम्म महान हिमाल रहिरनेछन् । तबसम्म मान्छेका महान् अदभ्य सङ्घर्ष गाथा पनि रहिरहनेछन् । (पृ.३२)
- जो जीवनको अर्थ बुझ्दैनन् उनीहरू भनिठान्छन्, हामीहरू असुरिक्षत जीवन बाँचिरहेछौं । वास्तवमा उनीहरू जीवनहीन जीवन बाँचिरहेछन् । मान्छेले जीवनहीन जीवन होइन मृत्युहीन जीवन रोज्नुपर्छ । (पृ.३२)
- मान्छे इतिहासको स्वप्नद्रष्टा हो । ऊ किन नदेखोस् आफ्नो जीवन सपना !(पृ.३२)
- प्रियसी र घर जीवनका पहिला सपना हुन् किनभने मान्छे कुनै पशु होइन । (पृ.३३)
- चढाइहरूदेखि हतास हुनु भयानक कायरता हो । कायरहरू हिमाल चढ्नु मूर्खता भन्छन् र त्यही बुद्धिमतामा मूर्खताको जीवन बाँच्छन् । (पृ.३४)
- मायाको सानो घर संसारको सबैभन्दा ठूलो गगनचुम्बी भवनभन्दा बलियो हुन्छ । (पृ.३५)
- मान्छेले सबभन्दा पहिले आफैँलाई चिन्न र विश्वास गर्न जान्नुपर्छ । (पृ.३७)
- महान लक्ष्य महान समस्या र महान संघर्षले नै मानिस महान बन्छन् । (पृ.३७)
- जीवन लक्ष्यको महान यात्रा हो भने त्यो अनवरत हुनुपर्छ । आराम गरीगरी सुविधा हेरीहेरी यात्रा गर्नेहरू जहाँ पुगेपनि कतै पुग्दैनन । त्यस्ताले हिमाल नचढी हेलिकप्टर चढे हुन्छ । (पृ.३९)
- जीवनमा कोही हिमाल चढेर आफैँ हिमाल बन्छन् । कोही दलदलमा फसेर दलदल बन्छन् । (पृ.३९)
- जीवनमा जति अभिसाप आइपरे पनि जीवन अभिसाप होइन । साँचो कुरा के हो भने जीवन एक अहंकार हो । (पृ.४०)
- जोसित आत्मविश्वास, धैर्य र निर्णय गर्ने क्षमता छैन उसले कहिल्यै हिमाल चढ्न सक्दैन । (पृ.४०)
- जो यात्रा गर्छन् उनका पाइला शिथिल हुन्छन् तर जो जीवनमा कुनै यात्रा गर्दैनन् उनका मन शिथिल हुन्छन् । (पृ.४२)

- *चुली*को यात्रा भनेको बेहोसीको यात्रा होइन । *चुली*को यात्रा भनेको विक्षिप्तिको यात्रा होइन । *चुली*को यात्रा भनेको अकर्मण्यताको यात्रा होइन । *चुली*को यात्रा भनेको कोरा कल्पनाको यात्रा होइन । *चुली*को यात्रा हजारौ र लाखौं समस्याको यात्रा हो । (पृ.४४)
- महान लक्ष्यको यात्रा भनेको फोहोरी स्वार्थको यात्रा होइन , पवित्र विश्वास र समर्पणको यात्रा हो । (पृ.४६)
- जीवनको महान यात्रामा हिड्नेहरू बाटोमा निदाउँदैनन् । (पृ.४७)
- *चुली*हरू उत्तेजनाले जितिँदैन, बुद्धिमता र हिसाबहरूले जितिन्छ । उत्तेजनामा त मान्छेले आफूलाई म मान्छे हुँ भन्ने कुरा नै बिर्सिन्छ । (पृ.४८)
- हिमाल चढ्नेहरू आफ्नो सिद्धान्त आफैँ खोज्छन् । (पृ.४९)
- मान्छे मरे पनि मानवता कहिल्यै मर्दैन । महानता कहिल्यै मर्दैन । (पृ.५०)
- जीवनका लक्ष्यहरू नदेखिनुको अर्थ जीवनका लक्ष्य नहुनु होइन । (पृ.५१)
- मान्छेको एकएक पाइलामा एकएक मृत्यु मात्र हुँदैन एकएक जीवन पनि हुन्छ । (पृ.५२)
- गलत निर्णय गर्नेहरूले एकदिन जीवनको सही बाटो पत्ता लगाउन सक्छन् तर अनिर्णित भई बस्नेहरूले जीवनको कुनै बाटो पत्ता लगाउन सक्दैनन् । (पृ.५४)
- सत्य ज्ञानले अज्ञानहरू त केही मेटिन्छन, तर आवश्यकता भने सबै मेटिदैनन् । (पृ.५५)
- जीवन नबुझ्नेहरू जीवनलाई शत्रुतापूर्ण दृष्टिले हेर्छन् । (पृ.५७)
- जीवनको एक महान सत्य के पनि हो भने जीवन एउटा मात्र *चुली*का लागि होइन, धेरैधेरै *चुली*का लागि हो । जीवनका सगरमाथा धेरै हुन्छन् । (पृ.६२)
- हिमाल चढ्नु भनेको ओर्लनु पनि हो । *चुली* टेक्नु भनेको आधा विजय पाउनु हो, आधा सफल हुनु हो । (पृ.६३)
- पृथ्वीको इतिहासमा एक युगमा एकदुई जनाले मात्र मानवताको *चुली* टेके भने मुक्तिका लागि मान्छेले ईश्वर कल्पना गरिराख्नु पर्दैन । (पृ.६३)
- धेरैजसो मान्छे असफलतामा दुर्घटित हुँदैनन्, सफलताहरूमा दुर्घटित हुन्छन् । (पृ.६४)
- हिमाल त एक शाश्वत प्रतीक हो मान्छेका महान यात्राहरूको, मान्छेका महान अहंकारहरूको । (पृ.६५)
- मान्छेले जीवनमा गतिला पदचिन्ह छोडे भने ती आफ्नै लागि र अरूका लागि पनि मार्गदर्शक बन्न सक्छन् । (पृ.६६)
- जीवनमा तुफानहरू आइरहन्छन् । तुफानहरू आए डटेर मुकाबिला गर्नुपर्छ । तुफासित भागेर तुफानबाट बच्न सकिंदैन । सृष्टिको आदिकालदेखि तुफानहरूका अस्तित्व छन् भने तिनका अर्थहरू पनि छन् । (पृ.६८)
- पृथ्वीमा धेरै ठुल्ठुला तुफान आउँछन् तर ती सधैँ रहिरहँदैनन् । शक्तिशाली र विध्वंसकारी तुफान केही समयपछि कमजोर अनि शान्त हन्छन् । जीवनमा तुफानहरू गुज्रनका लागि आउँछन्, रोकिई बस्नका लागि आउँदैनन् । (पृ.६८-६९)
- महासंकटका बेला भगवान सधैँ अनुपस्थित हुन्छ । (पृ.६९)
- जीवन समाप्त भएपछि पनि सबै कुरा समाप्त हुने छैनन् । मान्छेका अहंकारहरू समाप्त हुने छैनन् । मान्छेका अदम्य संघर्षहरू समाप्त हुने छैनन् । मान्छेहरू हिमाल चढ्न आइरहनेछन्, आइरहनेछन्, आइरहनेछन् .... । (पृ.७०)

*चुली* उपन्यासमा उपन्यासकारले एकातिर नाटकीकरणको ढाँचाबाट र अर्कातिर आग्रहीकरणका माध्यमबाट सारवस्तुलाई प्रक्षेपण गरेको पाइन्छ । निश्चित उद्देश्यका साथ दृढइच्छासहित अनेक बाधा र अड्चनहरूको सामना गरेर मान्छे अगाडि बढ्ने हो भने उसले जस्तोसुकै काम पनि सम्पन्न गर्न सक्छ भन्ने र एउटा सफलता प्राप्तिपछि पनि मान्छे चुप लागेर बस्न हुँदैन भन्ने विचारलाई घटनाको नाटकीकरण गरी उपन्यासमा प्रस्तुत गरिएको छ भने उल्लिखित विभिन्न कथनमा आग्रहीकरणका साथ उपन्यासकारले आफ्ना

विचारहरूलाई प्रस्तुत गरेका छन् । यी कथनमा उपन्यासकारका जीवन चेतनाहरूको अभिव्यक्ति रहेको पाइन्छ । यी उद्धरणमा उपन्यासकारले अनवरत सङ्घर्ष, दृढ इच्छाशक्ति, साहस, लगनशीलताबाट मात्र मान्छेले आफ्नो जीवनको *चुली* चुम्न पाउने विचार व्यक्त गरेको पाइन्छ । यसका साथै मान्छेले *चुली*प्राप्तिलाई एउटामात्र उपलब्धि मानेर एउटा उपलब्धिमै चुप लागेर बस्न नहुने धारणा अगाडि सारिएको छ । यो नै प्रस्तुत उपन्यासको सारवस्तु हो ।

## सारवस्तुका अभिव्यक्तिमा भाषिक संरचना

*चुली* उपन्यासमा सूत्रात्मक तथा मितव्ययी भाषिक संरचनाका माध्यमबाट सारवस्तुलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा निकै आकर्षक र विशिष्ट प्रकृति भाषिक संरचनाको प्रयोग गरिएको छ । यसमा प्राय सूत्रात्मक ढाँचाका विचारोतेजक वाक्यहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा आख्यानात्मकभन्दा वर्णनात्मक शिल्पको प्रयोग गरिएको छ । घटनाको वर्णन गर्ने सन्दर्भमा सूक्तिमय वाक्यमा अभिव्यक्त गर्नु वा कथनपरिवेशको सिर्जना गरी विचारवाक्य प्रस्तुत गर्नु यस उपन्यासमा पाइने भाषाशैलीगत विशेषता हो । यसरी हेर्दा विचारलाई प्रस्तुत गर्ने उद्देश्यले नै उपन्यासमा आख्यानलाई प्रस्तुत गरिएको छ । यस किसिमको भाषिक संरचना विचलनयुक्त समेत देखिन्छ, जस्तै :

> नामको के महत्त्व, महत्त्व कामको छ । हिमाल चढ्नु उसको काम हो । सात दिन नाम्चेमा बिताई, अर्को साता दिन थ्याङ्बोचेमा बिताई र अर्को साता दिन फेरिचे र लोबुजेमा बिताई ऊ पृथ्वीको सबभन्दा अग्लो हिमाल सगरमाथाको आधार शिविरमा आइपुगेको छ । साथमा छन् उसका भारी बोक्ने भरियाहरू । तर गाइड छैन । अनि छैनन् सहआरोहीहरू । ऊ एक्लै सगरमाथा चढ्न चाहान्छ । उसको विश्वास मान्छे समाजमा बस्नुपर्छ तर हिमाल चढ्दा एक्लै चढ्नुपर्छ । (पृ. १०)

“हिमालमा कहिले पनि एक्लै नजानु भनिन्छ । प्रत्येक क्षण प्रत्येक पाइला हिमालमा दुर्घटना हुनसक्छ । खुम्बुआइसफल पार गर्ने तयारी गर्दा ऊ सम्भन्छ अनि मुसुक्क हाँस्छ - दुर्घटनाहरूसित लुकामारी खेल्नुको नाम नै जीवन हो ।” (पृ.२२)

उपन्यासका प्रायः सबै अनुच्छेदमा यसै किसिमको भाषिक संरचनाको प्रयोग गरिएको छ । प्राय छोटा वाक्यको प्रयोग हुनु, कथन परिवेशको सिर्जना गरी अनुच्छेदको अन्तिम वाक्यमा विचार वाक्यलाई प्रयोग गर्नु घटना र विचारलाई सँगसँगै अभिव्यक्त गर्नुजस्ता विशेषताहरू यस उपन्यास पाइन्छन् ।

उपन्यासमा बिम्बात्मक, प्रतीकात्मक एवम् आलङ्कारिक ढाँचाका उल्लेख्य वाक्यहरूको प्रयोग गरिएको छ । सामान्यलाई विशिष्ट कथनले वा विशिष्टलाई सामान्य कथनले पुष्टि गर्ने कार्य कारणात्मक वा कारण कार्यात्मक वाक्यढाँचाको प्रयोग गरी अर्थान्तरन्यास, दृष्टान्तजस्ता अलङ्कारहरूलाई पनि यस उपन्यासमा सुन्दर ढङ्गले समावेश गरिएको छ । भरियाहरूका संवादप्रसङ्गमा केही कथ्यढाँचाको भाषाको पनि प्रयोग भएको पाइन्छ :

> एक जना भरिया भन्छ -“ आफ्नो त गाँठे छोर्छोरी पढौने धोको छ । आफूले पढ्न भनेसि पाउँदै पाइएन । भरियाकै जुनी बित्यो । अब छोर्छोरीलाई यो जुनीबाट अल्लि माथि उठाम भनेर लाको, सकिएला जस्तो छैन । यसपालि जाडाले ह्यैं मरिन्छ कि क्या हो !” (पृ.१३) ।

यसरी संवादका सन्दर्भमा यस किसिमको कथ्य भाषाको केही प्रयोग देखिए पनि स्वयम् उपन्यासकार समाख्याता भई तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरी उपन्यासको रचना गरिएकाले यसमा स्तरीय एवम् प्रौढ किसिमको भाषिक शिल्पको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा तत्सम एवम् अन्य मौलिक शब्दको सन्तुलित प्रयोग गरिएको पाइन्छ भने आगन्तुक स्रोतका उल्लेख्य अंग्रेजी शब्दहरू उपन्यासमा आएका पाइन्छन् । यस किसिमको सूत्रात्मक, मितव्ययी भाषिक संरचनाका माध्यमबाट यस उपन्यासमा सारवस्तुलाई प्रस्तुत गरिएको पाइन्छ ।

## निष्कर्ष

*चुली* समसामयिक नेपाली उपन्यासपरम्पराको विशिष्ट प्राप्ति हो । लघु कलेवरमा हिमाल आरोहणसम्बन्धी विषयवस्तुलाई समेटिएको यस उपन्यासमा हिमाल आरोहणका सन्दर्भमा मानवीय जीवनका अहंकारहरूलाई प्रस्तुत गरिएको छ । यर्थाथवादी संरचनामा विषयवस्तुलाई प्रस्तुत गरिएको यस उपन्यासमा हिमाल आरोहणलाई साधनका रूपमा लिई मावीय जीवनका कर्मशीलता र उद्देश्यलाई साध्य बनाइएको छ,

- तृतीय पुरुषात्मक दृष्टिबिन्दुको प्रयोग गरी समाख्यान गर्नाका साथै वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ,
- एकल हिमाल आरोहणको वृत्तचित्रात्मक स्वरूपलाई प्रस्तुत गरिएको छ तथा
- हिमाली पर्यावरणको वस्तुगत चित्राङ्कन गरी पर्यावरणीय औपन्यासिक स्वरूपको नमुना प्रस्तुत गरिएको छ तथा
- उपयुक्त शीर्षक, कथानक, चरित्र, पर्यावरण तथा कच्यविषयका माध्यमबाट जीवनमा कायर भएर बस्न नहुने, *चुली*प्राप्तिका लागि मान्छेले एक्लो अनवरत सङ्घर्ष गर्नुपर्ने, मान्छेले भाग्यमा नभई कर्ममा विश्वास गर्नुपर्ने, मान्छेले आत्मविश्वासको फूल फुलाएर अगाडि बढ्नु पर्ने, जीवनमा जोखिमहरू उठाउनु पर्ने, मान्छेले सोद्देश्य जीवन बाँच्नु पर्ने र आफू हिंड्ने बाटो आफैं बनाउनु पर्ने, जीवन सौर्यको महान यात्रा भएकाले मान्छेमा भावुकता, अल्छी र थकाइ हुननहुने, मायाको भवन गगनचुम्बी महलभन्दा सर्वोच्च हुने, सवैभन्दा बढी मान्छेले आफूलाई चिन्नुपर्ने, महान लक्ष्य, समस्या र सङ्घर्षले नै मान्छे महान हुने, मान्छेले आफ्नो लक्ष्यप्राप्तिको सिद्धान्त आफैं बनाउनुपर्ने, मान्छेले अनिर्णित भई बस्न नहुने, हजारौं *चुली*प्राप्तिका लागि मान्छे क्रियाशील हुनुपर्ने, *चुली*मा पुगेपछि मान्छे अल्मलिन नहुने, *चुली*प्राप्तिलाई मान्छेले आधा सफलताका रूपमामात्र लिनुपर्ने, मान्छेले जीवनमा गतिला पदचिन्ह छोडेमा ती आफ्ना लागिमात्र नभई अरूका लागि पनि मार्गदर्शक बन्ने, महासङ्कटका बेला भगवान अनुपस्थित रहने भएकाले मान्छे स्वयम्ले सङ्कटको सामना गर्नुपर्नेजस्ता मानवीय जीवनको अस्तित्वसँग सम्बन्धित सारवस्तुलाई प्रस्तुत गरिएको छ ।

## सन्दर्भसूची

उपाध्याय, केशवप्रसाद (२०६१). *नेपाली नाटक र नाटककार.* ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र अन्य (२०६९). *स्नातक नेपाली,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७२). *अनिवार्य नेपाली (दो.मु.).* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१). *नेपाली उपन्यास र उपन्यासकार (चौ.सं.).* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास (दो.सं.).* काठमाडौं : साझा प्रकाशन ।

सरुभक्त (२०६८), *चुली. (दोस्रो मु.).* काठमाडौं : फाइनप्रिन्ट ।